# बर्दघाट नगरपालिका अर्न्तगतका भाषा, कला, साहित्य, संस्कृति आदिको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले बर्दघाट प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको ऐन -२०७६

**प्रमाणित गर्नेको नाम/थर: धीरज शर्मा बस्याल**
**पद: नगर प्रमुख**
**नगरसभाबाट पारित मिती: २०७६/३/१०**

**प्रस्तावना:**

बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक मुलुक नेपाल स्थानीय रूपमा भाषा कला साहित्य र संस्कृतिका संरक्षण र संवर्द्धन तथा तिनको सर्वाङ्गीण विकास गर्न र भाषा, कला साहित्य र संस्कृति सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्न गराउन तथा यस क्षेत्रमा समर्पित प्रतिष्ठित प्रतिभाहरूको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नको लागि बर्दघाट प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, बर्दघाट नगरपालिकाको नगर सभाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद -१ प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम बर्दघाट प्रज्ञा प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्न बनेको ऐन, २०७६ रहने छ ।

(२) यसको सङ्क्षिप्त नाम "ब. प्र. प्र." रहनेछ ।

(३) यो ऐन नगर सभाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:**

(क) "प्रतिष्ठान" भन्नाले यस ऐन बमोजिम स्थापना भएको प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

(ख) "भाषा" भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्रिय भाषा सम्झनु पर्ने छ ।

(ग) "कला" भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्प कला, बास्तुकला लगायतका अन्य सृजनात्मक ललितकला भन्ने सम्झनु पर्नेछ ।

(घ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य पद्यमा सृजित विविध विधाका साहित्य लगायत लोक साहित्य समेत सम्झनु पर्नेछ ।

(ङ) "संस्कृति" भन्नाले नेपाली संस्कृतिका विविध पक्ष सम्झनु पर्नेछ ।

(च) "सभा" भन्नाले प्रतिष्ठानको दफा ७ बमोजिमको सभा सम्झनु पर्दछ ।

(छ) "परिषद" भन्नाले दफा ११ बमोजिमको परिषद् सम्झनु पर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले प्रतिष्ठानका अध्यक्ष भन्ने सम्झनु पर्दछ ।

(झ) "उपाध्यक्ष" भन्नाले प्रतिष्ठानका उपाध्यक्ष भन्ने सम्झनु पर्दछ ।

(ञ) "सचिव" भन्नाले प्रतिष्ठानका सचिव भन्ने सम्झनु पर्दछ ।

धिरज शर्मा बस्याल
नगर प्रमुख

(ट) "कोषाध्यक्ष" भन्नाले प्रतिष्ठानका कोषाध्यक्ष भन्ने सम्झनु पर्दछ ।
(ठ) "पदाधिकारी" भन्नाले प्रतिष्ठानका पदाधिकारी तथा सदस्यलाई सम्झनु पर्दछ ।
(ड) "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्दछ ।
(ढ) "प्रमुख" भन्नाले बर्दघाट नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।
(ण) "उप-प्रमुख" भन्नाले बर्दघाट नगरपालिकाका उप-प्रमुखलाई सम्झनु पर्दछ।
(त) "तोकिएका वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद २
## प्रतिष्ठानको स्थापना तथा काम कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापना :**

(१) यस नगरपालिका क्षेत्रका भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा सर्वाङ्गीण विकास गर्ने काम समेतका लागि बर्दघाट प्रज्ञा प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय बर्दघाट नगरपालिकामा रहनेछ ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुने:**

(१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही अनुसार नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **प्रतिष्ठानको काम कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लेखित काम कर्तव्य र अधिकारका अतिरिक्त प्रतिष्ठानको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) भाषा, कला, साहित्य, संस्कृतिको सिर्जनात्मक, संरक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने,

(ग) यी क्षेत्रका स्रष्टाहरुको अनुसन्धानात्मक तथा सिर्जनात्मक कृति सङ्कलन सृजना प्रकाशन गर्ने,

(घ) यस क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्तिलाई कदर सम्मान, अभिनन्दन तथा पुरस्कृत गर्ने,

(ङ) पुस्तकालय ग्यालेरी तथा सङ्ग्रहालय स्थापना गर्ने,

(च) यी क्षेत्रमा अध्ययन अनुसन्धान गर्न प्राज्ञ वृत्तिको व्यवस्था गर्ने,

धिरज शर्मा बरयाल
नगर प्रमुख

(छ) विषय तथा विद्यागत प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ज) अन्य क्षेत्र बाहेक स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसित परिचित हुने र परिचित गराउने तथा सहकार्य गर्ने,

(झ) यस क्षेत्रको विकासको लागि व्यक्ति तथा संस्थालाई प्रोत्साहित गर्ने,

(ञ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिताको आयोजना गर्ने,

(ट) यी क्षेत्रका अन्य संघ संस्था सित सम्बन्ध स्थापना र बिस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(ठ) ऐनका यी उद्देश्य पुरा गर्न अन्य आवश्यक काम गर्ने ।

## परिच्छेद ३

**६. प्रतिष्ठानको सङ्गठन**

प्रतिष्ठानको सङ्गठन देहाय बमोजिमको हुने छ र यिनीहरूको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुने छ ।

(क) प्राज्ञ सभा

(ख) प्राज्ञ परिषद्

७. (१) परिषद्को सर्वोच्च निकायको रुपमा एक प्राज्ञ सभा रहने छ ।

(२) सभाको गठन देहाय बमोजिम हुने छ ।

(क) अध्यक्ष -१ जना

(ख) उपाध्यक्ष -१ जना

(ग) सचिव -१ जना

(घ) यस नगरपालिकाका सबै क्षेत्रका जात, जाति, भाषाभाषी, साहित्य, कला, संस्कृति तथा महिला आदिलाई प्रतिनिधित्व गर्ने गरी ५० जना पदाधिकारी/सदस्य सम्बन्धित क्षेत्रबाट सिफारिस समितिको सिफारिसमा प्रमुख द्वारा समावेशी रूपमा मनोनीत गरिनेछ ।

(३) उपदफा २ बमोजिमका पदाधिकारी/सदस्यहरूका पदावधि ४ वर्षको रहनेछ ।

(४) कुनै कारणले सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन क्षेत्र वा विधावाट मनोनीत भएको हो सोही विधा वा क्षेत्रबाट अर्को सदस्य मनोनीत गरिने छ ।

(५) सभा सदस्यहरूको सुविधा तोकिए बमोजिम हुनेछ ।

**८. सिफारिस समिति**

(१) प्राज्ञ सभाका सदस्यहरूको प्रमुखद्वारा मनोनयन गर्न देहाय बमोजिमको एउटा सिफारिस समिति गठन गरिनेछ :-

(क) उप-प्रमुख अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको सदस्य मध्ये -२ जना सदस्य

धिरज शर्मा बरयाल
नगर प्रमुख

(ग) भाषा, कला, साहित्य, संस्कृतिको क्षेत्रमा ख्याति प्राप्त व्यक्ति मध्ये प्रमुखले तोकेका - २ जना सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याएका र पुऱ्याउन सक्ने, साधनारत, ख्याति प्राप्त, उच्च नैतिकवान तथा समावेशी चरित्रको प्रतिनिधित्वलाई महत्व र प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा १ बमोजिमको समितिले पदाधिकारीको मनोनयनका लागि सिफारिस गर्दा कम्तिमा ४०% सदस्य सभाका सदस्यहरूबाट गर्नु पर्नेछ । तर पहिलो सभाका सदस्यको मनोनयनमा यो उपदफा लागु हुनेछैन ।

(४) उपदफा १ बमोजिमको समितिले सभाका सदस्य पदको मनोनयनको लागि सिफारिस गर्ने सम्बन्धमा कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:**

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) विद्वत वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) परिषद्लाई निर्देशन दिने,

(च) प्रतिष्ठानको कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(छ) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

१०. **प्राज्ञ सभाको बैठक**

(१) सभाको बैठक वर्षमा दुई पटक बस्ने छ ।

(२) सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

(३) सभाको बैठक हुनभन्दा कम्तीमा १५ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाका सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) सभाको बैठकको अध्यक्षता प्रतिष्ठानका अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्ने छ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा सभाका अध्यक्ष वा सभामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय सचिवले अध्यक्षबाट प्रमाणित गरी सुरक्षित राख्ने छ ।

(८) सभामा मानार्थ वा आजीवन सदस्यलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्ने छ ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्णय गरे बमोजिम हुनेछ ।

११. **प्राज्ञ परिषद्को गठन**

(१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा कार्य गर्न एउटा प्राज्ञ परिषद् रहनेछ ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

धिरज शर्मा बरयाल
नगर प्रमुख

(क) कुलपति - १ जना
(ख) उपकुलपति - १ जना
(ग) सदस्य सचिव - १ जना
(घ) सदस्य - ८ जना
जम्मा = ११ जना

कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन बिधा वा क्षेत्रबाट मनोनीत भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनीत गरिने छ। परिषद्को अध्यक्ष लगायतका पदाधिकारीहरुको मनोनयन सभाका सदस्यहरु मध्येबाट प्रमुखद्वारा गरिने छ ।

३. परिषद्को काम कर्तव्य र अधिकार: परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,
(ख) सभाले दिएको निर्देशन पालना गर्ने,
(ग) लेखा परीक्षणको प्रतिवेदन सभा समक्ष पेस गर्ने,
(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने ।
(ङ) प्रतिष्ठानको चल अचल सम्पतिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने गराउने
(च) प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने
(छ) परिषद्को काम कारबाहीको सम्बन्धमा विधागत रुपमा विभाग र आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उप-समिति वा कार्यटोलीको काम, कर्तव्य तथा अधिकार तोक्ने ।
(ज) तोकिए बमोजिमको अन्य काम गर्ने ।

१२. **प्राज्ञ परिषद्को बैठक :-**

(१) परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्ने छ ।
(२) परिषद्को बैठक परिषद्का अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नछ ।
(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचि सहितको सूचना परिषद्का सचिवले सबै सदस्यहरूलाई दिनु पर्ने छ ।
(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।
(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।
(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा सभामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) परिषद्को बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई सचिवले सुरक्षित गरी राख्ने छ ।

धिरजा शर्मा बस्याल
नगर प्रमुख

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सभाले निर्णय गरेबमोजिम हुनेछ।

## परिच्छेद -४
## प्रमुख संरक्षक, संरक्षक, प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी

१३. **प्रमुख संरक्षक** : नगर प्रमुख प्रतिष्ठानको प्रमुख संरक्षक रहनेछन्।

१४. **संरक्षक** : नगर उप-प्रमुख प्रतिष्ठानको संरक्षक रहनेछन्।

१५. **अध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) सभा र परिषद् बैठकको अध्यक्षता गर्ने,

(ख) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

(ग) प्रतिष्ठानको बार्षिक कार्यक्रम, बजेट, प्रतिबेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(घ) स्थानीय सरकारसँग समन्वय गर्ने,

(ङ) परिषद्को स्वीकृति लिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(च) संघीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने।

१६. **उपाध्यक्षको काम कर्तव्य र अधिकार**

१. उपाध्यक्षको काम कर्तव्य र अधिकार देहायको बमोजम हुनेछ।

(क) सभा र परिषदको बैठकमा उपस्थित हुने,

(ख) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,

(घ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने,

(ङ) तोकिएको अन्य कार्यहरू गर्ने।

१७. (१) सचिवको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१८. **पदाधिकारी सम्बन्धी व्यवस्था :**

(१) प्रमुखले यस ऐनको अधिनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ।

(२) पदाधिकारीको पदावधिका चार वर्षको हुनेछ।

(३) पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(४) पदाधिकारी/सदस्यहरुको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा पदाधिकारीहरुको पद रिक्त हुनेछ :-

(क) निजको पदावधि समाप्त भएमा

(ख) निजले राजीनामा दिएमा -

धिरज शर्मा बर्याल
नगर प्रमुख

(ग) निजको मानसिक संतुलन ठिक नभएमा
(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा
(ङ) निज दफा २२ अनुसार पदबाट हटेमा वा
(च) निजको मृत्यु भएमा ।

**२०. पदबाट हटाउन सक्ने:**

(१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाइ सदस्यले प्रमुखका समक्ष लिखित निवेदन दिएमा प्रमुखबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धनमा छानबिन गरी आफ्नो प्रतिवेदन प्रमुख समक्ष प्रस्तुत गर्नेछ । प्रमुखले त्यस्तो प्रस्ताव छलफल का लागि सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाको बहुमत सदस्यले पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा प्रमुखले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनेछ ।

(४) पदबाट हटाउनु अघि सफाइको मौका दिनु पर्नेछ ।

**२१. कर्मचारी:**

(१) प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहनेछन् ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद -५
## कोष तथा लेखापरीक्षण

२२. (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

(क) बर्दघाट नगरपालिकाबाट प्राप्त रकम ।
(ख) नेपाल सरकारबाट प्राप्त रकम ।
(ग) प्रदेश सरकारबाट प्राप्त रकम ।
(घ) विदेशी सरकार संघ संस्था वा विदेशी व्यक्तिबाट प्राप्त रकम ।
(ङ) स्वदेशी संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम ।
(च) अन्य स्रोतबाट प्राप्त रकम ।
(छ) प्रतिष्ठान द्वारा संचालित विभिन्न कार्यक्रमबाट आर्जित रकम ।

(३) उपदफा (२) खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले नेपाल

धिरज शर्मा बरयाल
नगर प्रमुख

सरकार/प्रदेश सरकारबाट स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रतिष्ठानले बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट बेहोरिनेछ ।

२३. **लेखा र लेखा परीक्षण**: प्रतिष्ठानको आय व्ययको लेखा नगरपालिकाले अपनाए बमोजिम राखिने छ ।

## परिच्छेद -६
## विविध

२४. **शपथ**

(१) आफ्नो पदभार सम्भाल्नु अघि पदाधिकारी र सदस्यहरूले अनुसूची -१ मा तोकिएको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) परिषद्का अध्यक्षले प्रमुखबाट शपथ ग्रहण गर्नु पर्नेछ ।

(३) अन्य पदाधिकारी र सदस्यहरूले अध्यक्षबाट शपथ ग्रहण गर्नु पर्नेछ ।

२५. **प्रतीक चिन्ह**: प्रतिष्ठानको प्रतीक चिन्ह तोकिए बमोजिमको हुनेछ ।

२६. **नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्राज्ञ सभाले आवश्यक नियम बनाउन सक्ने छ ।

२७. **बाधा अडकाउ फकाउ**: यस ऐन बमोजिम बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ ।

धिरज शर्मा बस्याल
नगर प्रमुख

## अनुसूचि १
## (दफा २४ सँग सम्बन्धित) शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि म........................................ मलाई दिएको जिम्मेवारी तनमनले दत्तचित्त भई इमान्दारीपूर्वक पूरा गर्नेछु । भाषा, कला, साहित्य र संस्कृतिको सृजना, श्रीवृद्धि, सम्वर्द्धन, संरक्षण, सङ्कलनका लागि प्रतिबद्ध रही देश र जनताको सेवामा आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

नाम थर :
पद :
दस्तखत :
मिति :

धिरज शर्मा बस्याल
नगर प्रमुख

अनुसूचि २
(दफा ४ सग सम्बन्धित)

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी लुम्बिनी प्रदेश, नेपाल

स्थानीय सरकार बर्दघाट नगरपालिका
बर्दघाट प्रज्ञा प्रतिष्ठान
बर्दघाट, न.प.

**प्रमाणीकरण मितिः २०७६/३/२१**

धिरज शर्मा बरयाल
नगर प्रमुख